

# घरेलु श्रमिक

## सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदनको आवश्यकता : वकालत पत्र

हाम्रो सम्मान

USAID
अमेरिकी जनताबाट

WINROCK
INTERNATIONAL

FWLD
अविभेद र समानताका लागि कार्यरत

UKaid
from the British people

यो प्रतिवेदन अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) मार्फत अमेरिकी जनताको र संयुक्त अधिराज्यको यूके एडमार्फत बेलायती जनताको सहयोगका कारण सम्भव बनेको हो । यस प्रतिवेदनभित्रका विषयवस्तु र सामग्री महिला, कानुन र विकास मञ्च (FWLD) को एकल जिम्मेवारी हुन् र तिनले यूएसएआईडी वा अमेरिकी सरकारको र यूके एड वा संयुक्त अधिराज्यको सरकारको विचार प्रतिबिम्बित गर्छन् भन्ने जरुरी छैन ।

## महासन्धिको परिचय

घरेलु श्रमिकसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (जसलाई यसपछि 'महासन्धि' भनिएको छ) घरेलु श्रमिकहरूको आधारभूत सामाजिक र श्रमसँग सम्बन्धित अधिकारहरू संरक्षण गर्ने प्रमुख अन्तर्राष्ट्रिय दस्तावेज हो । यो महासन्धिलाई अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) ले अन्तर्राष्ट्रिय श्रम सम्मेलनको १००औँ सत्रमा १६ जून २०११ मा घरेलु श्रमिकका लागि मर्यादित कामको आवश्यकता महशुस गरी महासन्धि पारित गऱ्यो र ५ सेप्टेम्बर २०१३ देखि यो लागु भयो । त्यसै गरी यस महासन्धिको कार्यान्वयनको लागि आवश्यक व्याख्या, स्पष्टीकरणका साथै अधिकार र सिद्धान्त लागु गर्ने सम्बन्धमा पनि सिफारिस नं.२०१ ले मार्ग निर्देश गरेको छ ।

यस महासन्धिमा २७ वटा धाराहरू छन् जसमा घरेलु श्रम, घरेलु श्रमिकको परिभाषा, घरेलु श्रमिकको आधारभूत अधिकारहरू, रोजगारीका शर्तहरूबारे जानकारी, पेशागत सुरक्षा र स्वास्थ्य, सामाजिक सुरक्षा, घरेलु बालश्रमिकबारे मापदण्ड, रोजगारदाताहरूको उत्तरदायित्व, उजुरी व्यवस्थापन र समस्या समाधान पनि उल्लेख छ । यस महासन्धिलाई ३२ राष्ट्रहरूले अनुमोदन गरिसकेका छन् ।




## नेपालमा घरेलु श्रमिकको अवस्था

नेपालका ठूला सहरहरूको सहरीकरण बढेसँगै घरेलु श्रमिकको माग बढ्दै गएको छ । घरेलु श्रमिकको संख्या बढिरहेको भए पनि घरेलु श्रमिकको एकिन तथ्याङ्क भने छैन । घरेलु श्रम अनौपचारिक श्रम बजारको रुपमा रहेकोमा अन्तर्राष्ट्रिय श्रम सङ्गठनको एक अध्ययनले नेपालमा अनौपचारिक श्रमिकहरू ९०.७ प्रतिशत देखाएको छ जसमा महिला श्रमिकहरू ९५६ प्रतिशत रहेको उल्लेख छ ।



नेपालमा २५०,००० घरेलु श्रमिकहरू भएको अनुमान

- कुनै लिखित सम्झौता नभएको
- न्यूनतम पारिश्रमिक नपाएको
- पेशागत सुरक्षा र स्वास्थ्यको सुनिश्चितता नभएको
- कार्यस्थलमा हुने हिंसा उल्लेख्य
- कोभिड १९ का कारण सरकारले प्रदान गरेको राहतमा पहुँच नभएको
- गैरकानुनी बाटो मार्फत वैदेशिक रोजगारमा जाँदा मानव बेचबिखन र श्रम शोषणको जोखिममा परेका

विभिन्न अध्ययनहरुको आधारमा नेपालमा २५०,००० घरेलु श्रमिकहरू रहेको अनुमान गरिएको छ ।[१] त्यसै गरी नेपालबाट विदेशमा घरेलु श्रमिकको रुपमा काम गर्ने प्रवासी घरेलु श्रमिकको संख्या पनि बढ्दो छ । Women in Informal Employment: Globalizing and Organizing (WIEGO) ले नेपालमा रहेका घरेलु श्रमिकहरुको सन्दर्भमा गरेको अध्ययनअनुसार ८० प्रतिशत घरेलु श्रमिकहरुले आफ्ना रोजगारदाताहरुसँग कुनै पनि प्रकारको लिखित सम्झौता गरेको पाइएन । त्यसै गरी घरेलु श्रमिकहरुले सरकारले तोकेबमोजिमको न्यूनतम पारिश्रमिक नपाएको उल्लेख छ । पेशागत सुरक्षा र स्वास्थ्यको सुनिश्चितता नभएका र कामको कारणले बिरामी भएमा कुनै पनि प्रकारको सुविधा नभएको उल्लेख छ । कार्यस्थलमा हुने हिंसा पनि उल्लेख्य रहेको पाइएको छ ।

यसका साथै हाल कोभिड-१९ को रोकथामअन्तर्गत लगाइएको निषेधाज्ञा र बन्दाबन्दीको अवधिमा घरेलु श्रमिक बेरोजगारीको अवस्थामा पुगेका छन् । सामाजिक सुरक्षाको अभावमा र सरकारले प्रदान गरेको राहतमा पहुँच नहुँदा उनीहरुको जीविकोपार्जनमा नै समस्या देखिएको छ ।

त्यसै गरी प्रवासी घरेलु श्रमिकको सन्दर्भमा नेपालबाट घरेलु श्रमिकको रुपमा विभिन्न गन्तव्य राष्ट्रहरुमा बैदेशिक रोजगारीमा जाने कामदारहरुको संख्या बढ्दो छ । बर्षौंदेखि नेपाली महिला घरेलु श्रमिकको रुपमा जाने गरेकोमा नेपाल सरकारले २४ वर्षमुनिका महिलालाई घरेलु श्रमिकको रुपमा वैदेशिक रोजगारीमा जान प्रतिबन्ध लगाएको छ । प्रतिबन्ध कायमै रहे तापनि थुप्रै महिला गैरकानुनी बाटोमार्फत गइरहेको अवस्था छ र मानव बेचबिखन र श्रम शोषणको जोखिममा रहेको पाइएको छ ।

१. WEIGO Policy Brief, Domestic Workers, Risk and Social Protection in Nepal, October 2020, p. 2

## घरेलु श्रम र श्रमिकको परिभाषा

यस महासन्धिले

**घरेलु श्रम** — घरमा अथवा घरको लागि गरिने काम

**घरेलु श्रमिक** — रोजगारीको रुपमा घरेलु श्रममा लागेका कोही पनि व्यक्ति

## घरेलु श्रमिकका अधिकारहरू

यस महासन्धिले घरेलु श्रमिकहरूको मानव अधिकारको सुनिश्चितता गर्दै कामसँग सम्बन्धित निम्न आधारभूत अधिकारहरू प्रदान गरेको छ ।

- सङ्गठित हुन पाउने र सामुहिक सौदावाजीको अधिकार
- सबै प्रकारको जबरजस्ती वा बाध्यकारी श्रम विरुद्धको अधिकार



- बालश्रमको प्रभावकारी उन्मूलन
- रोजगारी र पेशामा हुने विभेदको अन्त्य

## महासन्धिका विशेषताहरू

यस महासन्धिले घरेलु श्रमिकको मानव अधिकारको संरक्षण गर्दै देशभित्रै वा विदेशमा रोजगारीको क्रममा हुनसक्ने शोषणबाट पनि बचाउँछ र कामदारहरूले पाउनुपर्ने पारिश्रमिक र सुविधाको पनि सुनिश्चितता गर्न पक्ष राष्ट्रहरूले अवलम्बन गर्नुपर्ने उपायहरू उल्लेख गरेको छ ।

- यस महासन्धिले १८ वर्षमुनिका वा न्यूनतम उमेर मापदण्डमुनिका घरेलु श्रमिकहरूको शिक्षा र अरू व्यावसायिक प्रशिक्षणबाट वञ्चित हुन नदिन उपायहरू अवलम्बन गर्नुपर्ने व्यवस्था गरेको छ ।
- घरेलु श्रमिकहरूलाई उनीहरूको रोजगारीको शर्तहरूबारे पूर्ण र उचित जानकारी गराउन उपायहरू सुनिश्चित गर्नुपर्ने र सकेसम्म राष्ट्रिय कानुन, नियमअन्तर्गत लिखित सम्झौता हुनुपर्ने व्यवस्था गरेको छ ।
- घरेलु श्रमिकलाई न्यूनतम पारिश्रमिक मापदण्ड भएको अवस्थामा त्यसको सुविधा उपलब्ध हुने सुनिश्चित गर्नुपर्ने र पारिश्रमिक तोक्दा लिङ्गको आधारमा भेदभाव गर्न नहुने व्यवस्था गरेको छ ।
- घरेलु श्रमिकलाई आफ्नो रोजगारदाताको घरमा बसेर काम गर्ने सन्दर्भमा सम्झौता गर्ने अधिकार सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । घरमा बस्ने घरेलु श्रमिक आफ्नो बिदाको समयमा घरमा वा घरका सदस्यहरूसँग बस्न बाध्य नहुने र

घरेलु श्रमिकले आफ्नो पहिचान र यात्रासाग सम्बन्धित कागजात आफैसँग राख्न पाउने व्यवस्था सुनिश्चित गर्नुपर्ने उल्लेख छ ।

- घरेलु श्रमिक वा अन्य श्रमिकलाई कामको समय, ज्याला, ओभरटाइम, दैनिक वा साप्ताहिक आराम गर्ने समय, वार्षिक बिदा आदि सम्बन्धमा प्रचलित राष्ट्रिय कानुन, नियम र सामूहिक सम्झौताका आधारमा समान व्यवस्था हुनुपर्ने व्यवस्था गरेको छ ।
- घरेलु श्रमिकलाई प्रत्येक महिनाको नियमित अन्तरालमा नगदी तलब दिनुपर्ने व्यवस्था गर्नुपर्ने तर राष्ट्रिय नियम, कानुन र सामूहिक सौदावाजी भएको अवस्थामा भने श्रमिकको सहमतिले ब्याङ्क ट्रान्सफर, चेक वा अन्य कानुनी माध्यमबाट पारिश्रमिक दिन सकिने व्यवस्था गरेको छ ।
- हरेक घरेलु श्रमिकलाई सुरक्षित र स्वस्थ काम गर्ने वातावरणको अधिकार हुनेछ भनी व्यवस्था गरिएको छ । हरेक पक्ष राष्ट्रले राष्ट्रिय कानुन, नियम र अभ्यासका आधारमा घरेलु श्रमिकको पेशागत सुरक्षा र स्वास्थ्यको सुनिश्चितता गर्न प्रभावकारी उपायहरू अवलम्बन गर्नुपर्ने व्यवस्था गरेको छ ।
- हरेक पक्ष राष्ट्रले घरेलु श्रमिकहरूलाई अरू श्रमिकलाई जस्तै प्रसूतिलगायतको सामाजिक सुरक्षाको सुनिश्चितता गर्नुपर्ने व्यवस्था गरेको छ ।
- प्रवासी घरेलु श्रमिकहरू गन्तव्य राष्ट्र जानुअघि उक्त राष्ट्रमा लागु हुने लिखित सम्झौता गर्नुपर्ने व्यवस्था गरेको छ ।
- पक्ष राष्ट्रले यस महासन्धिको प्रभावकारी कार्यान्वयनको निम्ति एक अर्काबीच समन्वयको लागि उपायहरू अवलम्बन गर्नुपर्ने हुन्छ ।
- पक्ष राष्ट्रहरूले प्रवासी घरेलु श्रमिकहरूको रोजगारी समाप्तिपछि स्वदेश फिर्ती सम्बन्धमा देशको कानुन, नियममा उल्लेख गर्नुपर्ने व्यवस्था गरेको छ ।

## घरेलु श्रमिकसम्बन्धी नेपालमा विद्यमान कानुनहरू

नेपालमा घरेलु श्रमिकको हकमा श्रम ऐन, २०७४ ले छुट्टै पारिश्रमिक निर्धारण गर्ने, रोजगारदाताकै घरमा खाने, बस्ने र रोजगारदाताले अध्ययनमा सहयोग गरेको भए सोवापतको रकम पारिश्रमिकबाट कट्टा गर्न सक्ने, घरेलु श्रमिकको साप्ताहिक बिदा र सार्वजनिक बिदा तोकेबमोजिम हुने र श्रमिकले आफ्नो संस्कृति, कूल, धर्मअनुसार चाडपर्व मान्न पाउनेसम्बन्धी मात्रै व्यवस्था गरेको छ । मुलुकी देवानी संहिताको ज्याला मजुरीसम्बन्धी परिच्छेदमा घरेलु सहायकसम्बन्धी व्यवस्था पनि उल्लेख छ जसमा घरेलु सहायकलाई मासिक वा वार्षिक भुक्तानी, हैसियतअनुरूप खान, लाउन र उपयुक्त आवास, शौचालय, आदिको सुविधा दिनुपर्ने, अठार वर्षभन्दा कम भए उपयुक्त समयमा अध्ययनको व्यवस्था गर्नुपर्ने, स्वास्थ्योपचारको व्यवस्था, विरामी हुँदा वा निजको उमेर, क्षमता र अवस्थाले गर्न नसक्ने काममा लगाउन नहुने, मृत्यु भएमा किरिया खर्च, अमानवीय, अपमानजन्य व्यवहार वा घरेलु हिंसा गर्न नहुने र आफूले घरेलु सहायकसँग गरेका शर्तहरू पालना गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ ले आश्रित वा कामदारको रूपमा एकै परिवारमा बसेका व्यक्तिहरूबीच भएको सम्बन्धलाई पनि घरेलु सम्बन्ध भनी परिभाषित गरेको छ । तर यी कानुनी प्रावधानहरूले पनि घरेलु श्रमिकको सम्बन्धमा विस्तृत व्यवस्था गर्न सकेको छैन र हाल विद्यमान यी व्यवस्थाहरूको पनि प्रभावकारी कार्वान्यन हुन सकेको छैन । साथै कार्यस्थलमा



हुने यौनजन्य हिंसा रोक्न बनेको कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन, २०७१ ले अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकलाई समेटेको छैन जसअन्तर्गत घरेलु श्रमिकहरू पनि पर्दछन् ।

## नेपाललाई महासन्धि अनुमोदन गर्न पेश गरिएका सुझावहरू

नेपालमा हाल आएर घरेलु श्रमिकको संख्या बढ्दै गएको तर घरेलु श्रमिकको संरक्षणसम्बन्धी पर्याप्त कानुनको अभाव र साथै यस महासन्धिले प्रवासी घरेलु श्रमिकको सम्बन्धमा पनि व्यवस्था गरेकोले यस महासन्धि अनुमोदनको लागि नेपाललाई विभिन्न अन्तर्राष्ट्रिय समितिले पेश गरेका सुझावहरू निम्न छन्:

- नेपालले मानव अधिकार परिषद्समक्ष पेश गरेको विश्वव्यापी आवधिक प्रतिवेदनको दोस्रो चक्रअन्तर्गत २०१५ मा दिएको सिफारिसमा फिलिपिन्सले र विश्वव्यापी आवधिक प्रतिवेदनको तेस्रो चक्रअन्तर्गत २०२१ मा नामिबियाले दिएको सिफारिसमा घरेलु श्रमिकसम्बन्धी महासन्धि अनुमोदनको लागि सुझाव पेश गरेको थियो ।
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको समितिले नेपालको छैटौँ आवधिक प्रतिवेदनको निष्कर्ष सुझावको प्रकरण नं. ३७(घ) मा यस महासन्धि अनुमोदनको गर्नु भनी सुझाव पेश गरेको थियो ।

## नेपाललाई महासन्धि अनुमोदनका लाभहरू

- अन्तर्राष्ट्रिय मञ्चमा नेपालले मानव अधिकारसम्बन्धी गरेका प्रतिबद्धताको पालना हुन्छ र विश्वव्यापी आवधिक समीक्षा एवम् सीडअको सुझावको पनि कार्यावन्यन हुन्छ,
- महासन्धि अनुमोदनपछि अन्तर्राष्ट्रिय मापदण्डअनुरुप घरेलु श्रमिक सम्बन्धमा विस्तृत र विशेष राष्ट्रिय कानुन र नीतिको निर्माण गर्न सहयोग गर्छ,
- नेपालका घरेलु श्रमिकको अधिकारहरूको संरक्षण हुन्छ र अधिकारहरूको उल्लङ्घन भएमा कानुनी उपचारको व्यवस्थाको पनि सुनिश्चितता हुन्छ,
- नेपाली कामदारहरू वैदेशिक रोजगारीअन्तर्गत घरेलु कामदारहरूको रुपमा गैरहेकोमा यस महासन्धिलाई अनुमोदन गरेको रोजगारीको राष्ट्रसँग आफ्ना राष्ट्रका प्रवासी घरेलु श्रमिकहरूको हक अधिकार संरक्षण सम्बन्धमा समन्वय गर्न सक्नेछ ।

# घरेलु श्रमिक

## सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि (नं. १८९) शीघ्र अनुमोदन गरौं !

उपलब्ध हुने स्थान : ____________________


महिला, कानुन र विकास मञ्च (FWLD)
७२, आदर्श मार्ग, थापाथली
पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल
फोन नं. ५३३३५२५, ५३३३५२४, ५३६६४१५
इमेल : fwld2013@gmail.com
Website: www.fwld.org